जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ४७ २०७८ साल भदौ २४ गते बिहीबार (9 Sep. 2021 Thursday) मूल्य रु. ५/-

**कोभिड–१९ को संक्रमणबाट बचौं र बचाऔं**

सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं :
- अनिवार्य रुपमा मास्क लगाऔं ।
- सेवा प्रवाहमा भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- संक्रमणको शंका लागेमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : जनकपुर चुरोट कारखानाको ... ३ पृष्ठमा : चालक अनुमतिपत्रका ... ३ पृष्ठमभारतमा एकै दिनमा थप ३७ हजार ...

## विद्यालय खोल्न हतार नगर्न आग्रह

काठमाडौँ, २३ भदौ (रासस) ।

कोभिड-१९ को जोखिमको विश्लेषणका आधारमा काठमाडौँ र अन्य जिल्लाका स्थानीय तहमा आगामी असोज १ गतेदेखि विद्यालय सञ्चालन गर्न सकिने गरी तयारी गरिएको छ ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारीले मङ्गलबार बोलाउनुभएको बैठकमा स्वास्थ्य जोखिमको स्थिति विश्लेषण गरी जिल्ला सङ्कट व्यवस्थापन केन्द्रसँगको समन्वयमा कुन समूह वा सिफ्टमा विद्यालय खोल्ने भन्ने एकरूप कार्ययोजना पेश गर्न आग्रह गर्ने निर्णय भएको थियो ।

विद्यालय खोल्न सकिने स्थानका शिक्षक र कर्मचारीले कोभिडविरुद्धको खोप लगाएको हुनुपर्नेलगायतका आधार बनाइएको छ । सहायक प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले स्मार्ट लकडाउनअन्तर्गत विद्यालयलगायतका क्षेत्र खोल्न सकिने निर्णय यसअघि भइसकेकामा सम्बन्धित पालिकाले त्यसको ढाँचाबारे आवश्यक परामर्श गरी कार्ययोजना पेश गर्न भनिएको जानकारी दिनुभयो । उहाँले जोखिम भएका स्थानमा अनिवार्यरूपमा विद्यालय खोल्नुपर्ने भन्ने नरहेको स्पष्ट गर्नुभयो ।

राष्ट्रिय अभिभावक महासङ्घले भने जोखिम कायमै रहेकाले विद्यालय खोल्न हतारो नगर्न आग्रह गरेको छ । महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले शहरी क्षेत्रमा जोखिम कायम रहेको, महत्वपूर्ण चाडपर्व आउन लागेको, सबैले खोप नलगाएको र बालबालिका प्रभावित हुने गरी तेस्रो लहर आउन सक्ने भएकाले तत्काल विद्यालय खोल्न नहुने सुझाव सरोकार भएकाहरूको बैठकमा दिइएको बताउनुभयो । भौतिकरूपमा विद्यालय बन्द हुँदा हाल सञ्चार तथा सूचना प्रविधिको सहयोगमा वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरता दिइएको छ ।

## सिरहामा ६१ जनप्रतिनिधिले रोजे नेकपा एस

लहान, २३ भदौ (रासस) ।

नेकपा एमालेबाट सिरहाको स्थानीय तहमा निर्वाचित ६१ जनप्रतिनिधिले नेकपा (एकीकृत समाजवादी) रोजेका छन् ।

निर्वाचन आयोगले भदौ २२ गतेसम्म दल रोज्न पाउने उपलब्ध गराएको समय सीमाभित्र सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकाका अध्यक्षसहित ६१ जनप्रतिनिधिले नेकपा एमाले त्याग गरी नेकपा एकीकृत समाजवादी पार्टीमा सनाखत गरेका हुन् ।

नेकपा एमालेबाट निर्वाचित सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकाका अध्यक्ष केदारनाथ यादव र तीन वटै वडाका वडाध्यक्षसहित अन्य स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले नेकपा (एकीकृत समाजवादी) पार्टीमा सनाखत गरेको सो पार्टीका नेता तथा प्रदेशसभा सदस्य अशोककुमार यादवले जानकारी दिनुभयो ।

प्रदेशसभा सदस्य अशोक यादवको नेतृत्वमा जिल्ला निर्वाचन

*बाँकी अन्तिम पृष्ठमा*

## नयाँ प्रजिअ गौतमले कामकाज सम्हाले



**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौ ।**

सप्तरीको नयाँ प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले नियमित कामकाज सम्हालेका छन् ।

गृह मन्त्रालयबाट सरुवा भई जिल्ला प्रशासन कार्यालय सप्तरी आएका गौतमले बुधबारदेखी कामकाज सम्हालेका हुन् ।

यस अघिका प्रजिअ जयनारायण आचार्य सरुवा भई गृहमन्त्रालय गएका छन् ।

## राष्ट्रिय शिक्षा दिवसमा बिभिन्न कार्यक्रमको आयोजना



**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौ ।**

“मानव केन्द्रित पुनर्लाभका लागि साक्षरता, प्राबिधिक प्रयोगको असमानतामा न्युनता” आदर्श वाक्य सहित ५५ औ अन्तराष्ट्रिय साक्षारता तथा राष्ट्रिय शिक्षा दिवस पारेर सप्तरीको खडक नगरपालिकामा बुधवार छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरिएको छ ।

सप्तरीको खडक नगरपालिका वडा नं. ७ कल्यानपुरमा सेभ द चिल्ड्रेन तथा सवल नेपालको सहकार्यमा खडक नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा कल्यानपुरको आयोजना गरेको कार्यक्रममा चित्रकला, निवन्ध प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता गरिएको छ ।

उक्त कार्यक्रममा खडक नगरपालिका भित्र रहेका बिभिन्न समुदायिक बिद्यालयका छात्र/छात्राहरुको सहभागिता रहेको थियो ।

खडक नगरपालिकाका शिक्षा संयोजक वीरेन्द्र कुमार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा कोभिड १९ ले शिक्षामा पारेको प्रभाव बारे वक्तृत्वकलाको आयोजना गरिएको हो ।

खडक नगरपालिका भित्रका करिब ४१ वटा बिद्यालय सहभागि रहेको चित्रकला, निवन्ध प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता कार्यक्रममा निर्णयक मण्डलले गरेको निर्णय अनुसार प्रथम, दोश्रो, तेश्रो र सान्त्वना प्राप्त गरेकाहरुको नामहरु पनि सार्वजानिक गरिएको छ ।

उक्त आयोजित कार्यक्रममा निर्णयक मण्डलले गरेको सार्वजनिक परिणम अनुसार वकतृत्वकलामा भ.स.राजमावि कल्याणपुरका प्रलाद चौधरी प्रथम, बनरझुला माविका प्रिंयका कुमारी साह द्धितिय, मावि पंसेरका मन्जुला कुमारी चौधरी तेश्रो र सान्त्वना महेन्द्र मावि फुलवारियाका अस्मिता कुमारी साह भएका छन ।

यस्तै चित्रकलातर्फ निमावि दुहवीका आयुष श्रेष्ठ प्रथम, प्रावि मुसहरनियाका रमित चौधरी दोश्रो, इनरवा फुलबरियाका कंचन कुमरी चौधरी तेश्रो र प्रावि कल्यानपुरका सृजना कुमारी साह सान्तोना प्राप्त गरेकी छिन ।

निवन्ध प्रतियोगितातर्फ बिशाल कुमार राम प्रथम, पुष्पा कुमारी ठाकुर दोश्रो, सोनिया कुमारी मंडल तेश्रो भएका छन भने दिपेन्द्र राम सान्त्वना प्राप्त गरेका छन ।

*बाँकी अन्तिम पृष्ठमा*

**कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ ।**




अबैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ । कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ ।

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

# नाकाहरुमा थप सर्तकता आवश्यक

सप्तरीका विभिन्न सीमानाकाहरु खुल्ला रहेको छ । सप्तरीको मात्र नभएर भारतसँग सीमानाका रहेका सम्पूर्ण जिल्लाहरुको अवस्था त्यस्तै छ । ती खुल्ला नाकाहरुमा प्रहरी प्रशासनले गस्ती गर्ने गरेका छन् । त्यसमा पनि शसस्त्र प्रहरीको थप जिम्मेवारी हुनआउछ । यस्तो अवस्थामा सुरक्षाकर्मीहरुको निगरानी हुँदा हुँदै पनि सीमानाकाहरुमा तस्करी हुने क्रम रोकिएको छैन् । ती नाकाहरुबाट भारतीय नागरिक वा नेपाली नागरिक खुलेआम आवतजावत गर्छन् । यसको फाइदा तस्करहरुले उठाइरहेका छन् ।

पूर्वी नेपालको अधिकांश मधेशका जिल्ला भारतको बिहार राज्यसँग टाँसिएको छ । भारतबाट नेपाल र नेपालबाट भारत लुकिछिपी भन्सार छलेर विभिन्न सामानहरु आरपार गर्ने गरेका छन् । अहिले विभिन्न सामानहरुदेखी लिएर मदिरा समेत नेपालबाट भारततर्फ जाने गरेको पाइन्छ । नेपाल भन्दा बढी मुल्यमा भारतमा मदिरा बिक्रि हुने तथा भारतको बिहार राज्यमा मदिरा निषेध भएकै कारण तस्करहरुले बढी मदिराकै तस्करी गर्ने गरेको पाइन्छ । सीमानाकामा तैनाथ सुरक्षाकर्मीको आँखा छलेर तस्करहरुले राजश्व छल्दै आफ्नो व्यापार फस्टाउँदै गरेका छन् ।

तस्करहरुले साइकल, मोटरसाइकल तथा हातहातै तथा कोशी नदीहुदै डुंगाको माध्यमबाट पनि ती सामानहरु पारी पुऱ्याउने गरेका छन् । यता नेपाली सुरक्षाकर्मीहरुले त्यस्ता गैरकानुनी कार्य रोक्न केही सफल भएका छन् यद्दपी पूर्ण रुपले सफलता पाउनु सकेका छैनन् । तसर्थ तस्करीलाई रोक्न अझ तदारुकताका साथ सुरक्षाकर्मीहरु लागि पर्ने अवस्थामा स्थानिय प्रहरी प्रशासन तथा स्थानिय निकाय समेत गम्भिरता देखाउनु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# जनकपुर चुरोट कारखानाको विद्युत्गृह र छापाखाना पुनः सञ्चालन गर्ने तयारी

धनुषा, २३ भदौ (रासस) ।

प्रदेश नं २ सरकारले लामो समयदेखि बन्द रहेको जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकालि)को विद्युत्गृह र छापाखाना पुनः सञ्चालन गर्ने भएको छ । जचुकालि बन्द भएसँगै प्रयोगविहीन भएको विद्युत्गृह र छापाखानालाई सञ्चालनमा ल्याउन प्रदेश सरकारको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले पहल थालेको हो ।

आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले प्राविधिक, मन्त्रालयका कर्मचारीसहित केही दिन अघि विद्युत्गृह र छापाखानाको निरीक्षण गर्नुभएको थियो । निरीक्षणपछि प्राविधिकले समान्य मर्मतसम्भार गरे सञ्चालन गर्न सकिने बताएका थिए । जचुकालिको विद्युत्गृहमा पाँचवटा शक्तिशाली जेनरेटर छन् । उक्त विद्युत्गृह प्रदेश सरकारले सञ्चालन गर्न लागेको आन्तरिक मामिला तथा सञ्चारमन्त्री साहले बताउनुभयो ।

त्यसैगरी जचुकालिको रङ्गिन छापाखाना लामो समयदेखि प्रयोगविहीन रहेकाले सञ्चालन गर्न दिन सङ्घीय सरकारसँग आग्रह गरेको उहाँले बताउनुभयो । विद्युत्गृह र छापाखाना लिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सङ्घको उद्योग मन्त्रालयमा पत्रचार गरिसकेको मन्त्री साहले बताउनुभयो ।

"विद्युत्गृह र छापाखाना सञ्चालनका लागि सङ्घीय सरकारलाई आग्रह गरेका छौं", मन्त्री साहले भन्नुभयो, "सङ्घीय सरकारले सकारात्मकरूपमा लिएको छ । सङ्घीय सरकारको मन्त्रिपरिषद् विस्तार भएपछि यो प्रक्रिया अगाडि बढ्नेछ ।" प्रदेश सरकारको आफ्ना छापाखाना नहुँदा बर्सेनि करोडौँ रुपैयाँ छपाइमा खर्च गर्दै आएको छ । आफ्नै छापाखाना भए उक्त खर्च कटौती हुने मन्त्री साहले बताउनुभयो । चालु आर्थिक वर्षमा प्रदेश सरकारले छापाखानाका लागि बजेट छुटचाए पनि पहिलो प्राथमिकता जचुकालिको छापाखाना सञ्चालन गर्ने भएको उहाँको भनाइ छ । उहाँका अनुसार उक्त छापाखाना सञ्चालन गर्न नसके प्रदेश सरकारले आफ्नै नयाँ छापाखाना खरिद गर्नेछ ।

**यस्तो छ जचुकालिको इतिहास**

जनकपुर उपमहानगरपालिका-९ मा जचुकालि कारखाना रहेको छ । लगभग छ दशक पुरानो कारखाना अहिले बन्द छ । रुस सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा २०२१ पुस २९ मा तत्कालीन राजा महेन्द्र शाहले कारखाना उद्घाटन गरेका थिए । कारखाना २०७० असार २० गतेदेखि बन्द छ । यद्यपि यहाँको उत्पादन भने २०६८ चैतदेखि नै बन्द भएको हो । सोभियत सङ्घको अनुदान तथा तत्कालीन अर्थमन्त्रीसमेत रहेका समाजसेवी रामनारायण मिश्रको प्रयासबाट २०१७ सालदेखि जचुकालि निर्माण कार्य सुरु भएको थियो । कारखाना स्थापनाको चुक्ता पुँजी रु चार करोड आठ लाख ३७ हजार थियो । कारखाना निर्माणका लागि सर्वसाधारणबाट जग्गा खरिद गरिएको थियो । सुरुमा ३०० कर्मचारीलाई भर्ना गरेर चुरोट कारखाना सञ्चालन गरिएको थियो ।

उत्पादन र काम पनि राम्रो बन्दै गएपछि २०४४ सालमा सबैभन्दा बढी चार हजार ७०० कर्मचारीले प्रत्यक्ष रोजगारी पाएका थिए । विसं २०७० असार २० गते जचुकालिका कर्मचारीलाई अवकाश दिइएको थियो । तत्कालीन खिलराज रेग्मीको सरकारले कर्मचारीलाई पे-अफ गर्दै कारखाना बन्द गर्ने निर्णय गरेको थियो । कारखाना बन्द भएको बखत जचुकालिमा करिब साढे ७०० कर्मचारी कार्यरत थिए ।

कारखाना बन्दपछि जचुकालिको ३३ बिघा नौ कठ्ठा क्षेत्रफलको जग्गा र भौतिक संरचना उद्योग मन्त्रालयले पछि जिल्ला प्रशासन कार्यारलय धनुषाको मातहतमा सारेको थियो । तीन भागमा छुटचाइएको क्षेत्रफलमा आठ बिघामा कारखानाको भवन, २० बिघामा आवास भवन र पाँच बिघामा गोदाम छ । कारखाना सञ्चालन भएका बेला कर्मचारीको आवासका लागि २५ वटा भवन बनाइएको थियो । ती भवनमा सयौँ कोठा छन् ।

कारखानाको जनकपुरमा मात्र नभई नेपालभरि २६ छुट्टाछुट्टै शहरमा जग्गा र दुई ठाउँमा कार्यालय भवन निर्माण गरिएका छन् । तीमध्ये जग्गा थुप्रै बिक्री भइसकेका छन् भने बाँकी रहेका पनि चौरका रूपमा प्रयोगविहीन छन् । बुटवलमा स्थापना गरिएको क्षेत्रीय कार्यालयको दुईतल्ले भवन हाल एक जना कुरुवाको भरमा प्रयोगविहीन अवस्थामा छ । नारायणगढमा रहेको भवन पनि प्रयोगमा छैन । धनुषा, महोत्तरी, विराटनगर, उदयपुर, वीरगञ्ज, पोखरा, नारायणघाट, नेपालगञ्ज, सुर्खेत, दिपायल, सिन्धुली, धनगढीमा अहिले पनि कारखानाको अर्बौं मूल्यका जग्गा प्रयोगविहीन अवस्थामा छन् ।

यस क्षेत्रका किसान तथा सर्वसाधारणका लागि जीवनयापन गर्ने ठूलो साधनका रूपमा यो कारखानाको विकास भए पनि २०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भएपछि कारखाना सञ्चालनमा राजनीतिक हस्तक्षेप बढ्दै जाँदा त्यहीँबाट यसको अवसान सुरु भएको कारखानाका अवकाश प्राप्त कर्मचारी क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका गणेशबहादुर आले बताउनुहुन्छ ।

आलेका अनुसार सरकार परिवर्तन भएलगत्तै कारखानाको महाप्रबन्धक तथा सञ्चालक समितिका अध्यक्ष परिवर्तन गर्ने सरकारी नीतिले कारखाना धराशायी भएको हो । सफल बन्दै गएको र सरकारलाई पनि नियमित राजस्व तिर्दै गएको कारखानाको राजस्वमा पछि कमी आउन थालेपछि त्यसको प्रभाव हरेक क्षेत्रमा पर्न थाल्यो । यस क्षेत्रको विकासमा ठूलै योगदान दिन सक्ने जचुकालि धराशायी हुँदा उद्योग तथा व्यापारमा निकै नोक्सानी भएको यहाँका व्यापारी बताउँछन् ।

यस क्षेत्रकै पहिचानका रूपमा रहेको जचुकालि खारेज भइसक्दा पनि सरकारले यसका सम्पत्ति उचित व्यवस्थापन गर्न नसक्दा विनाश हुने क्रम बढेको हो । अहिले कारखानाको भवनमा प्रदेश २ को प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्री, प्रदेश सरकारको कार्यालय र मन्त्री निवास छ । सरकारले कारखाना सञ्चालन गर्न नसकेर बन्द भएपछि खाली रहेको भवनमा प्रदेशको कार्यालय स्थापना गरिएको छ । उद्योगको लगानी, भौतिक पूर्वाधार र उद्योगभित्र रहेको कच्चा पदार्थ संरक्षणका लागि सम्बन्धित निकाय मौन देखिएको स्थानीयवासीको गुनासो छ ।




# चालक अनुमतिपत्रका लागि तत्काल फारम नखुलाइने

काठमाडौँ, २३ भदौ (रासस) ।

यातायात व्यवस्था विभागले चालक अनुमतिपत्रका लागि तत्काल फारम नखुलाउने भएको छ । यसअघि फारम भरेका झण्डै छ लाख सेवाग्राही परीक्षामा सहभागी हुन पाएका छैनन् । ती परीक्षार्थीको परीक्षा नसकिएसम्म विभागले नयाँ फारम नखुलाउने भएको हो ।

फारम भरेका झण्डै आधा परीक्षार्थी परीक्षामा सहभागी भएपछि मात्रै फारम खुलाइने विभागका प्रवक्ता डा लोकनाथ भुसालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “दशैँसम्ममा दुई, तीन लाख परीक्षार्थी सहभागी भएमा यसपछि खुलाइनेछ ।” फारम भरेका सेवाग्राहीले परीक्षामा सहभागी हुन पाएका छैनन् भने परीक्षामा पास भएका झण्डै सात लाखले अझै ‘स्मार्ट’ चालक अनुमतिपत्र पाउन बाँकी छ । विभागले अनुमतिपत्रका लागि कार्ड खरिद गरे पनि प्राविधिक समस्याका कारण कार्ड आइसकेको छैन । अहिले विभागसँग झण्डै दुई हजार कार्ड मात्रै बाँकी रहेको उहाँले बताउनुभयो ।

विभागले मिसनमा जाने सुरक्षाकर्मी र चालकका रुपमा रोजगारीमा जानेका लागि मात्रै अनुमतिपत्र दिने गरेको छ । उहाँले भन्नुभयो, “सर्वसाधरणका लागि छपाइ हुँदैन, प्रवेशाज्ञा र टिकट देखाएपछि अत्यावश्यक हेरेर मात्रै छपाइ हुन्छ ।” केही महिनाभित्रमा कार्ड नआएमा अत्यावश्यक कामका लागिसमेत अनुमतिपत्र दिन गाह्रो पर्नसक्ने विभागका प्रवक्ता डा भुसालले बताउनुभयो । दशैँसम्ममा कार्ड आइपुगेमा समस्या नहुने बताइएको छ ।

परीक्षा पास भएको लामो समयसम्म पनि सेवाग्राहीले अनुमतिपत्र नपाएपछि अहिले यातायात कार्यालयले अस्थायी प्रकृतिको अनुमतिपत्र वितरण सुरुआत गरेको छ । कोरोना नियन्त्रणका लागि केही समय पहिलेसम्म निषेधाज्ञा भएकामा त्यो हटेसँगै यातायात कार्यालयले परीक्षा पास गरेकालाई परीक्षणकालीन अनुमतिपत्र दिन थालेका हुन् । यो अनुमतिपत्र कार्यालयले आफैँ छापेर एक वर्षका लागि दिने गरेको प्रवक्ता डा भुसालले बताउनुभयो । यसका लागि विभागले प्राविधिकलाई तालिम दिएको छ भने प्रदेश सरकारअन्तर्गतका कार्यालयले छाप्ने उपकरण (प्रिन्टर) किनेको छ । विभागले गत १० गते गरेको निर्णयका आधारमा कार्यालयले आवेदन दिएका सेवाग्राहीको परीक्षा सञ्चालन गरिरहेका छन् । काठमाडौँ उपत्यकामा रहेका चारवटै कार्यालयले सेवा सुरु गरिसकेका छन् । उपत्यका बाहिरका कतिपय जिल्लाले सुरु गरिसकेका छन् भने केहीले सुरु गर्दैछन् ।

परीक्षणकालीन चालक अनुमतिपत्रको व्यवस्था सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा गरिएको छ । ऐनमा भएको व्यवस्था लामो समयसम्म कार्यान्वयन हुन नसकेकामा अहिले भइरहेको छ । सेवाग्राहीलाई उसले पाउने सङ्केत नम्वर (क्यूआर) नम्बरसहितको अनुमतिपत्र दिइएको हो । यसले गर्दा सेवाग्राहीले परीक्षा पास गरेको लामो समयसम्म भौचर लिएर हिँड्नुपर्ने बाध्यता हट्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “यो व्यवस्थाबाट सेवाग्राही र ट्राफिक प्रहरीलगायतलाई सजिलो भएको छ ।”

ऐनमा नै व्यवस्था भए पनि परीक्षणकालीन अनुमतिपत्रलाई निरन्तरता दिने नदिने भन्नेमा विभाग नै स्पष्ट छैन । विभागले फ्रान्सेली कम्पनीमार्फत खरिद गरेको १४ लाख कार्ड आएपछि यसलाई निरन्तरता दिने कि पास गर्नासाथ ‘स्मार्ट’ चालक अनुमतिपत्र दिने भन्नेमा छलफल भइरहेको विभागले जनाएको छ ।

ऐनमा परीक्षणकालीन अनुमतिपत्र पाएको अवधि एक वर्षभित्र दुर्घटना नगरेमा स्थायी दिने उल्लेख छ । उहाँले भन्नुभयो, “यो कार्ड शुरु गरेपछि सेवाग्राहीलाई मैले पास गरेँ मसँग लाइसेन्स छ भन्ने अनुभूति हुने रहेछ ।”

अहिले परीक्षणकालीन

*बाँकी अन्तिम पृष्ठमा*


## राजविराज नगरपालिका
## १ नं. वडा कार्यालय
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

**मिति : २०७८/५/२३**


जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. २ हाल वडा नं. १ बस्ने **जसोलाल यादव**ले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७८/५/१३ मा द.न. २८७ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. २ हाल १ बस्ने श्री ध्युथरी यादव नाउँको दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ३ | २९३ | ०-७-६ |
| ” | ” | ६ | ९७ | ०-२-५ |
| ” | ” | ६ | १२० | ०-१३-८ |
| ” | ” | ६ | २३२ | ०-३-१२ |
| ” | ” | ६ | २२१० | ०-२-१ |







## विश्व समाचार

### भारतमा एकै दिनमा थप ३७ हजार ८७५ जना कोरोना संक्रमित

नयाँ दिल्ली, २३ भदौ (रासस/एएनआई) ।

भारतमा गत २४ घण्टामा भारतमा थप ३७ हजार ८७५ जना नयाँ सङ्क्रमित थपिए पनि कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि कमी आएको बताइएको छ । यसअघि दैनिक ४० हजारभन्दा बढी सङ्क्रमित थपिने गरेकामा अहिले घटेर ३८ हजारको हाराहारी पुगेको अधिकारीले बुधबार जानकारी दिएका छन् ।

पछिल्लो समय केरला राज्यमा दैनिक सङ्क्रमितको सङ्ख्या एकाएक बढेपछि देशभरीको सङ्ख्यामा पनि वृद्धि देखिएको थियो । केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधबार बिहान सार्वजनिक गरेको विवरणअनुसार गत २४ घण्टामा थपिएका सङ्क्रमितमध्ये केरला राज्यमा मात्रै २५ हजार ७७२ जना सङ्क्रमित भएका छन् ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमित सङ्ख्या तीन करोड ३० लाख ९६ हजार ७१८ पुगेको मन्त्रालयले बुधबार जनाएको छ । भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म चार लाख ४१ हजार ४११ जनाको मृत्यु भएको छ । तीमध्ये ३६९ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको हो । त्यसैगरी एक दिनमा ३९ हजार ११४ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । कोरोना शुरु भएदेखि हालसम्म भारतमा तीन करोड २२ लाख ६४ हजार ५१ जना यस रोगबाट मुक्त भएका सरकारी अधिकारीले जानकारी दिएका छन् । कोरोना मुक्त भएका यो सङ्ख्या ९७.४८ प्रतिशत भएको बताइएको छ ।

पछिल्लो केही दिनदेखि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्यामा पनि वृद्धि भएको छ । बुधबार प्राप्त समाचारअनुसार हाल भारतमा सक्रिय सङ्क्रमित सङ्ख्या तीन लाख ९१ हजारभन्दा बढी रहेका छन् । यहाँ कोरोना शुरु भएदेखि हालसम्म ५३ करोड ४९ लाख व्यक्तिको कोरोना परीक्षण भएको सरकारी तथ्याङ्क रहेको छ । भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म ७० करोड ७५ लाख ४३ हजार १८ डोज खोप लगाएको अधिकारीले जानकारी छ ।

### तलिबानले सरकार गठन गरे, विरोध कायमै

काबुल, २३ भदौ (रासस/एएफपी) ।

तालिबानले हिजो सरकार गठन गरेका छन् । उनीहरुले गठन गरेको सरकार उदार नभएको अर्थात् कडा खालको भएको भन्दै त्यसको विरोध भएको छ । केही दिनअघि मात्र पनि तालिबानले सरकारमा महिलाको प्रतिनिधित्व गराउनुपर्ने माग गर्दै महिलाले विरोध प्रदर्शन गरेका थिए । सो प्रदर्शनमा तालिबानले अश्रुग्यास हान्न लगाएका थिए । यसअघि तालिबानले उदार खालको र समावेशी सरकार बनाउने भनेका थिए ।

व्यवहारमा त्यसो हुन नसकेको भन्दै विरोध कायमै रहेको बताइएको छ । तालिबानको सरकारका विरुद्धमा अपगानिस्तानका विभिन्न सहरमा अहिले पनि विरोध जारी रहेको छ । हेरातमा भएको यस्तै विरोधका क्रममा दुई जनाको ज्यान पनि गएको थियो । उनीहरुले शुरुमै समावेशी खालको सरकार बनाउने र त्यसमा महिला सहभागिता पनि हुने भन्दै सार्वजनिक अभिव्यक्ति दिएका थिए । अगष्ट १५ मा अफगानिस्तानका तालिबानीले यहाँको सत्ता कब्जा गरेका थिए । आफ्नो सैन्य शक्तिद्वारा सत्ता कब्जा गरेका उनीहरुले हिजो मात्र नयाँ सरकार घोषणा गरेका थिए ।

### कतारले तालिबानले व्यावहारिकताको प्रदर्शन गरेकाले यसको कामको मूल्याङ्कनबाट प्रस्ट हुने

दोहा, २३ भदौ (एएफपी/रासस) ।

कतारले तालिबानले व्यावहारिकताको प्रदर्शन गरेकाले उनीहरूको कामलाई निर्विवादित शासकको रूपमा मूल्याङ्कन गर्नुपर्ने जनाएको छ ।

कतारी सहायक विदेशमन्त्री लोल्वाह अल-खतरले एएफपीलाई एक विशेष अन्तर्वार्ता दिँदै तालिबानी शासकलाई इस्लामवादी शासकको मान्यता भने तत्काल दिन नसकिने घोषणा गर्नुभएको छ । उहाँले भन्नुभएको छ, “अफगानिस्तानको भविष्यको निर्णय अफगानी जनताले नै गर्ने र यो अन्तरराष्ट्रिय समुदायको विषय नभएको जनाउनुभएको छ । यसअघि दोहाले तालिबानको विषयमा कतारमा राजनीतिक कार्यालय खोलेर मध्यस्ततासमेत गरेको थियो ।

तालिबानले व्यावहारिकताको प्रदर्शन गरेकाले यस अवसरलाई सबैले सदुपयोग गर्नुपर्ने र तालिबानको अन्य थप सार्वजनिक कामको मूल्याङ्कन गर्नुपर्ने सहयाक मन्त्री खतरले उल्लेख गर्नुभएको छ । उहाँले हालको अफगानिस्तानका शासक अन्तरिम र डेफ्याक्टो भएकाले तत्काल यसले औपचारिक मान्यता पाउँन भने केही समय लाग्ने बताउनुभएको छ ।

तालिबानले मुल्लाह मोहम्मद हसन खुन्दको नेतृत्वमा भरखरै अन्तरिम कार्यबाहक सरकार गठन गरेको छ तर कतारलगायत संयुक्त राष्ट्रसङ्घका कुनै पनि सदस्य राष्ट्रबाट मान्यता भने पाएको छैन ।

खतरले तालिबानी नयाँ शासकबाट केही सकारात्मक सङ्केतसमेत देखिएको उल्लेख गर्नुभएको छ । कतार सरकारकी प्रवक्तासमेत रहेकी खतरले धेरै महिला विद्यार्थीसमेत प्रदर्शनका क्रममा काबुल छोड्न बाध्य भएको विषयलाई उल्लेख गर्नुभएको छ- । उहाँका अनुसार तालिबानले कतारबाट तत्काल औपचारिक मान्यता भने नपाउने, कतार यो विषयमा धेरै टाढा नरहेको र समदूरीमा रहेर सबै कुराको मूल्याङ्कन गरिरहेको जनाउनु भएको छ ।

उहाँले यस विषयमा तालिबानको अन्तरीम सरकारको घोषणा पछिको अमेरिकाको प्रतिक्रियासमेतलाई उल्लेख गर्नु भएको छ । अमेरिकाले तालिबानको नयाँ सरकारको घोषणामा सबै तालिबानी सदस्यमात्र परेको र कुनै महिला नसमेटिएको विषयलाई चासो व्यक्त गरेको छ र भनेको छ यो एउटा कामचलाउ सरकार भएकाले यसको मूल्याङ्कन शब्दबाट भन्दा पनि कामबाट गरिने बताएको छ ।

अफगानिस्तान एक सार्वभौमसत्ता सम्पन्न राष्ट्र भएकाले यहाँका जनताले आफ्नो भाग्य र भविष्यको निर्णय गर्न स्वतन्त्र रहेको खतरले जनाउनुभएको छ । उहाँले अन्तरराष्ट्रिय समुदायले यहाँको जनताको भाग्य, भविष्यको विषयमा कुनै निर्देशन, नियन्त्रण गर्न नमिल्ने र अमेक्षित सहयोग भने गर्न सक्ने बताउनुभएको छ ।

## राष्ट्रिय शिक्षा ...

वक्तृवकला प्रतियोगितामा ७ वटा बिद्यालयका १३ जना छात्र/छात्रा सहभागि थिए भने निबन्ध प्रतियोगीतामा २७ वटा बिद्यालयको ५४ जना र चित्रकला प्रतियोगितामा २७ वटा बिद्यालयका ५४ जना छात्र/छात्राहरुलाई सहभागि रहेको थियो ।

कार्यक्रममा बिभिन्न बिद्यालयका प्रअ, शिक्षक, शिक्षिका नगरपालिकाका वडाअध्यक्ष तथा स्थानिय सहभागिहरुले मानिसको जिवनमा शिक्षा आवश्यक रहेकोले बिद्यार्थीहरुलाई गुनस्तरीय शिक्षा दिनुपर्ने जोड दिएका छन ।

कार्यक्रममा सबल नेपालका फिल्ड अधिकृत (शिक्षा) का निरबहादुर आले, अधिकृत अशोक कुमार साह लगायतका सहभागिता रहेको थियो । कार्यक्रम संचालन भने सवल नेपालका प्रयोजना अधिकृत राधेश्याम रामले गरेक थिए । त्यस्तै सप्तरीको सुरुङगा नगरपालिकामा पनि हाजरि जवाफ प्रतियोगिताको आयोजना गरेको छ ।

## चालक अनुमतिपत्रका ...

अनुमतिपत्र पाउँदा त्योसमेत नै पाँच वर्षको हुनेछ । एउटा प्रकारको सवारीको अनुमतिपत्र लिँदा सेवाग्राहीले अर्को प्रकार थप्दा पहिलेको मिति कायम हुन्छ । त्यसरी अहिले पनि परीक्षणकालीन अनुमतिपत्रसमेत गरी पाँच वर्ष रहेको छ ।

विभागले खरिद गरेको कार्ड आपूर्तिमा ढिलाइ भइरहँदा सेवाग्राही हैरान छन् । फ्रान्सेली कम्पनीले कार्ड ल्याउनुपर्ने भए पनि कार्ड ल्याउनुपर्ने एउटा र सिस्टम अर्को कम्पनीको भएकाले समस्या आएको प्रवक्ता डा भुसालले बताउनुभयो । दुई कम्पनीलाई एक ठाउँमा राखेर समस्या के हो पत्ता लगाएर समाधान गर्न भनिएको छ । उनीहरुले धेरै महिना लगाएर समस्या पत्ता लगाएका छन् । पुरानो कम्पनीको सिस्टमले ल्याएको 'इनपुट' कार्डमा छापिन समय लागेको बताइएको छ । फ्रान्सेली कम्पनीले पछिल्लो पटक पठाएको कार्ड यहाँ परीक्षण गर्दा पुरानो प्रणालीमा छापिनसक्ने देखिएको विभागले जनाएको छ ।

'मास प्रिन्टर' खरिद गरिएको भारतीय कम्पनीले पनि केही कार्ड पठाएपछि त्यसको स्थायित्व परीक्षण गर्छौं भनेको उहाँले बताउनुभयो । कार्ड लगातार छापिँदा कुनै समस्या आउँछ कि आउँदैन हेर्नका लागि कार्ड अहिले भारत पठाइएको छ । राम्रो भयो भने पनि स्वीकार गर्ने र त्यसपछि मात्रै कार्ड आउन थाल्ने प्रवक्ता डा भुसालले बताउनुभयो । उहाँका अनुसार कार्ड आएपछि दुई/तीन सिफ्टमा छापेर पनि सकेसम्म चाँडो सेवाग्राहीको हातमा अनुमतिपत्र पुऱ्याइनेछ ।

# राष्ट्रिय जनगणना कात्तिक २५ देखि मंसिर ९ सम्म हुने

काठमाडौँ, २३ भदौ (रासस) ।

कोभिड-१९को सङ्क्रमण बढेसँगै सरकारले गत वैशाख १९ गतेदेखि बन्दाबन्दीको घोषणा गरेपछि स्थगित भएको राष्ट्रिय जनगणना २०७८ को मूल गणना कार्य आगामी कात्तिक २५ देखि मङ्सिर ९ सम्म हुने भएको छ ।

पूर्वनिर्धारित कार्यक्रमअनुसार जनगणनाको मूल गणना कार्य २०७८ जेठ २५ देखि असार ८ सम्ममा सम्पन्न गर्ने कार्यक्रम रहेको थियो । प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणना यस वर्ष पाँच महिना ढिला गरी 'मेरो गणना, मेरो सहभागिता : राष्ट्रिय जनगणना २०७८' भन्ने नाराका साथ हुन गइरहेको छ ।

कोभिड-१९ महामारीका कारण नेपाल सरकार मन्त्रिपरिषद्को गत वैशाख १९ गतेको निर्णयअनुसार स्थगन भएको राष्ट्रिय जनगणनाको कार्यक्रम पुनःसञ्चालन गर्न केन्द्रीय तथ्याङ्क विभागबाट तयार गरेको नयाँ कार्यतालिका मन्त्रिपरिषद्को गत भदौ २१ गतेको बैठकले स्वीकृत गरेको छ । कोभिड-१९को सङ्क्रमण दर निरन्तर कम भइरहेको, बन्दाबन्दीको अवस्था नरहेको तथा जनजीवन सामान्य अवस्थामा फर्किरहेकाले स्थगन भएको जनगणना सरकारले पुनःसञ्चालन गर्ने निर्णय गरेको हो ।

यस जनगणनामा ३९ हजार गणक तथा आठ हजार सुपरिवेक्षकले अनुमानित ७० लाख परिवार तथा तीन करोड जनसङ्ख्याको गणना १५ दिनको कार्य अवधिमा सम्पन्न गर्ने तयारी भएको बुधबार विभागमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । विभागका महानिर्देशक नेविनलाल श्रेष्ठले हालसम्म सात प्रदेश जनगणना कार्यालय तथा ८० वटा जिल्ला जनगणना कार्यालय सञ्चालनमा रहेको, ३४९ स्थानीय जनगणना कार्यालय स्थापना गर्ने क्रममा रहेको, जनगणनाका लागि एक हजार ७११ जना प्रशिक्षक तयार गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार यही भदौ ३० देखि असोज १८ सम्म घरपरिवार सूचीकरण कार्य सम्पन्न गरी कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म मूल गणना कार्य सम्पन्न गर्न आवश्यक पर्ने सुपरिवेक्षक, गणकलगायत अन्य जनशक्ति व्यवस्थापन भइसक्नेछ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका लक्ष्य मापन गर्न, आगामी २० वर्षका लागि जनसङ्ख्या प्रक्षेपण गर्न आदिका लागि पनि जनगणनाको तथ्याङ्क प्रयोग हुने हुँदा यसलाई सम्पन्न गराउनु सबैको कर्तव्य भएको राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले बताउनुभयो । देशमा बसोबास गर्ने विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग, लिङ्ग तथा उमेर समूहको अवस्था थाहा पाउनेदेखि उनीहरुको सामाजिक, आर्थिक तथा लैङ्गीक अवस्था कस्तो छ भन्ने बुझ्नका लागि पनि जनगणना गर्ने विश्वव्यापी प्रचलन रहेको छ ।

जनगणनाबाट प्राप्त तथ्याङ्कका आधारमा राज्यले आवश्यक नीति, योजना तथा कार्यक्रम तय गर्नेदेखि बनेका कार्यक्रमको अनुगमन/मूल्याङ्कन हुने गर्दछ । जनगणनाको तथ्याङ्ककै आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने, प्रतिनिधिसभा तथा प्रदेशसभाको सदस्य सङ्ख्या यकीन हुने, केन्द्र सरकारबाट प्रदेश सरकार र स्थानीय तहसम्म स्रोत परिचालन गर्न, राज्यका विभिन्न तहमा विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग तथा लिङ्गका व्यक्तिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने भएकाले यसलाई निकै महत्वका साथ हेर्ने गरिन्छ ।

प्रत्येक घरमा पुग्ने गणकले विभिन्न ८० वटा प्रश्न सोध्नेछन् र यसका लागि करिब २० मिनेटसम्म समय लाग्नेछ । "कुनै ठाउँमा छ महिनाभन्दा बढी वसोवास गरेका नेपाली नागरिकको सोही ठाउँबाट गणना गरिने छ", महानिर्देशक श्रेष्ठले भन्नुभयो, "विदेशी कूटनीतिक नियोगमा कार्यरतदेखि वैदेशिक रोजगारीमा गएका र विदेशमा रहेका नेपालीलाई पनि गणनामा छुटचाइने छैन ।"

प्रत्येक १० वर्षमा एकपटक हुने राष्ट्रिय जनगणना नेपालमा पहिलोपटक १९६८ सालमा भएको थियो । जनगणनाको १२ औं शृङ्खलासम्म आइपुग्दा पहिलोपटक २००८ सालमा स्थगित भई २००९ र २०११ सालमा गरिएको थियो भने कोरोना सङ्क्रमणका कारण यसपटक पाँच महिना ढिला हुन गएको छ ।

## सिरहामा ६१ ...

कार्यालय सिरहा पुगेर जनप्रतिनिधिले नेकपा एकीकृत समाजवादीको पक्षमा सनाखत गरेको बताइएको छ ।

त्यस्तै जनता समाजावदी पार्टी नेपालबाट सिरहाका स्थानीय तहमा निर्वाचित १२ जनप्रतिनिधिले लोकतान्त्रिक समाजवादी पार्टी रोजेका छन् । सबै जनप्रतिनिधि जिल्ला निर्वाचन कार्यालय सिरहा पुगेर लोकतान्त्रिक समाजवादी पार्टीको पक्षमा सनाखत गरेको जिल्ला निर्वाचन अधिकृत इन्दिरा यादवले जानकारी दिनुभयो ।





नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · CITY EXPRESS Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np